# नेपाल पेडीयाट्रिक सोसाइटी (नेपास) को लोगो प्रयोग सम्बन्धी कार्यविधी २०८०

## कार्यविधी-२०८०

(नेपाल पेडियाट्रिक सोसाइटी केन्द्रीय कार्य समितिबाट अनुमोदित मिति: २०८० श्रावण २७ गते)

नेपाल पेडीयाट्रिक सोसाइटी-२०८०

## नेपाल पेडीयाट्रिक सोसाइटी (नेपास) को लोगो प्रयोगका सम्बन्धमा

नेपाल पेडीयाट्रिक सोसाइटी (नेपास) को लोगो प्रयोग सम्बन्धमा नेपासको संशोधित विधान २०७५ को परिच्छेद १ को दफा ३) उपदफा (क) मा "यस संस्थाको अनुसूचीमा उल्लेख भए बमोजिमको लोगो प्रयोग गर्ने अधिकार यस सोसाइटी लाई मात्र हुनेछ" भनि उल्लेख भए पनि विभिन्न समय र परिस्थितिहरूमा भ्रम तथा गलत व्याख्या हुने गरेकोले नेपास केन्द्रीय कार्य समिति को मिति २०८० आषाढ ३० गते शनिवारको बैठक बाट सो सम्बन्धमा स्पष्ट व्याख्या सहित नेपासका सदस्यहरू सम्मिलित कुनै पनि अस्पताल, मेडिकल कलेज, सभा-सम्मेलन, गोष्ठी, सेमिनार, तालिम आदी गैर राजनैतिक शैक्षिक एवं अनुसन्धानमुलक कार्यमा नेपासको लोगो प्रयोग गर्ने बारेमा नेपासको संशोधित विधान २०७५ मा आधारित भई यो कार्यविधी जारी गरिएको छ।

१. नेपाल पेडियाट्रिक सोसाइटीको विधान २०४३ लाई संशोधन गरी बनाइएको संशोधित विधान २०७५ को परिच्छेद १ को दफा (३) उपदफा (ख) अनुसार, सोसाइटीको छाप नेपाली र अंग्रेजी अक्षरमा यस सोसाइटीको नाम, स्थापना वर्ष अकिंत साल नाल सहितको नवजात शिशुको चित्र भएको गोलाकार छाप हुनेछ। छापको नमुना अनुसूची-१ बमोजिम हुनेछ।

२. स्वीकृति र अनुमति:

(क) नेपासको लोगो प्रयोग गर्न चाहने अस्पताल, मेडिकल कलेज वा अन्य शैक्षिक एवं अनुसन्धानमुलक संघ संस्थाले सो का लागी नेपास केन्द्रीय कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(ख) लोगोको प्रयोग के कस्तो प्रयोजनका लागि, कहाँ, कहिले , कसरी प्रयोग गर्ने हो सम्पूर्ण विवरणहरू स्पष्ट रूपमा खुलाई पूर्व स्वीकृतिका लागी निवेदन दिनु पर्नेछ। जस्तै कि: वेबसाइट, सामाजिक सञ्जाल, प्रस्तुतीकरण, पोस्टर वा कुनै अन्य विशिष्ट प्रयोग (अनुसूची-२)।

(ग) नेपासको स्थापित सब- स्पेसियालिटी च्याप्टर (अध्याय) का सदस्य प्रशिक्षण मोड्युल विकास गर्न, स्रोत व्यक्तिको रूपमा वा अन्य कुनै पनि रूपमा संलग्न भई संचालित कुनै पनि गैर राजनैतिक शैक्षिक

एवं अनुसन्धानमुलक कार्यक्रममा सो लोगोको प्रयोग गर्न सकिनेछ । तर आयोजक ले यस्ता कार्यक्रमको पूर्व जानकारी नेपास लाई दिनु पर्नेछ ।

(घ) नेपास वा नेपास सब-स्पेस्याल्टी च्याप्टर संलग्न नभएको अवस्थामा लोगोको प्रयोग गर्न दिने नदिने बारे नेपास केन्द्रीय कार्य समितिको निर्णय अन्तिम मानिनेछ ।

(ङ) माथि उल्लिखित एवं नेपास केन्द्रीय कार्य समितिबाट पूर्व स्वीकृती प्राप्त अन्य अवस्थाहरू बाहेकका अवस्थामा नेपासको लोगो प्रयोग गर्न निषेध गरिएको छ ।

३. लोगो प्रयोगको नैतिक जिम्मेवारी: नेपासको सो लोगो प्रयोग गर्नु पर्दा यसको डिजाइन, रङ अनुपात, यसमा अंकित चित्र एवं शब्दहरूमा कुनै पनि परिमार्जन नगरि जस्ताको त्यस्तै प्रयोग गर्नु पर्नेछ । नेपासको लोगोको अखण्डता जोगाउने नैतिक जिम्मेवारी प्रयोगकर्ता वा कार्यक्रम आयोजकको हुनेछ।

४. आवधिक समीक्षा: लोगो प्रयोग सम्बन्धी नेपासको विधान, विधानमा अधारित निर्देशिका एवं अन्य निर्णयहरू आवधिक समीक्षाको विषय हुन सक्नेछन् ।

५. सब-स्पेसियालिटी च्याप्टरको छुट्टै लोगो सम्बन्धमा विधमान नेपासको संशोधित विधान २०७५ मा कुनै व्यवस्था नभएको र नयाँ व्यवस्थाको लागि वार्षिक साधारण सभाबाट (AGM) अनुमोदन गराउनुपर्ने भएकोले हाललाई नेपासकै लोगोको मुनितिर अर्ध गोलाकार हुने गरी सब-स्पेसियालिटी च्याप्टरको नाम लेखी प्रयोग गर्न सकिनेछ ।

६. यो निर्देशिका नेपास केन्द्रीय कार्य समितिले अनुमोदन गरे पश्चात् तत्काल लागू हुनेछ ।

अनुसुची-१

(दफा-१ सँग सम्बन्धित)

**नेपास लोगो**

सेतो पृष्ठभूमीमा रातो डिजाइन

अनुसुची-२

(दफा-२ (ख) सँग सम्बन्धित)

**लोगोको प्रयोगको लागि निवेदन**

श्री नेपाल पेडीयाट्रिक सोसाइटी (नेपास)
केन्द्रिय कार्यालय
काठमाडौं

<u>बिषय: नेपासको लोगो प्रयोग सम्बन्धी</u>

उपरोक्त विषयमा (*आयोजकको नाम*)……………………………………… द्वारा आयोजित (*कार्यक्रमको नाम*)……………………………. मा नेपाल पेडीयाट्रिक सोसाइटी (नेपास) को लोगो प्रयोग गर्ने अनुमतिका लागी देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

मिती:
स्थान:
नेपासको संलग्नता: छ/ छैन
नेपासको संलग्नताको प्रकार: आर्थिक / शैक्षिक / अनुसन्धानमुलक / सामाजिक / स्रोत व्यक्ति / सहभागीता /सब-स्पेस्याल्टी /अन्य ……………………………………………………..
केमा-कसरी प्रयोग गर्ने: सभा/ सम्मेलन/ सेमिनार/कार्यशाला गोष्ठी/ प्रस्तुतीकरण / पोस्टर /सामाजिक सञ्जाल/ वेबसाइट / अन्य ……………………………………………………………………
अन्य (खुलाउनु होस):

दस्तखत: मोबाईल नम्बर:
पेश गर्ने व्यक्तिको नाम : ईमेल:
ठेगाना:
आबद्ध संस्थाको नाम: मिति: